"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

**पत्र संख्याः- पूर्वाधार विकाश शाखा २०७६/०७७** **मितिः- २०७६/०८/०३**

## विषय :- शिलवन्दी वोलपत्र आब्हानको सूचना ।

प्रथम पटक प्रकाशन मिति : २०७६/०८/०५

इलाम नगरपालिका विभिन्न वडामा निर्माण गरीने तपसिल अनुसारको निर्माण कार्य शिलबन्दी बोलपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र खरीद प्रकृया eGP को माध्यमबाट मात्र गरीएकोले website: www.bolpatra.gov.np/egp वाट bid document हरु मिति २०७६/०९/०४ कार्यालय समय सम्ममा download गर्न सकिने छ । e -submission का लागि वोलपत्र खरिद दस्तुर वापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid files साथै पेश गर्नु पर्ने छ ।

२. e-bidding मार्फत document खरीद गर्नको लागी रकम जम्मा गर्ने बैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।
   बैंकको नाम :- नेपाल बैक लि. इलाम संचित कोष खाता नं. :- ०४००३००००००००४००१००७

३. बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाण पत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी नम्वर लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.ब.२०७५/०७६ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारम मिति २०७६/०९/०६ गते दिनको १२.०० वजे भित्र e-submission गर्न सकिने छ । e-submitted बोलपत्रहरु सोही दिनको १२.३० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ ।

६. बोलपत्र साथ ने.बै.लि. इलाम स्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ०४००३००००००००३००००४३ मा फर्मको नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

८. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्र दाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्र दाताको हुनेछ ।

१०. सूचना तथा वोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. वोलपत्रको परीक्षण वोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने भए सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ ।

१२. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१३. e -submission सम्बन्धि जानकारी Annex 1 मा राखिएको छ तथा सार्वजनीक खरीद अनुगमन कार्यालयको website बाट हेर्न सकिनेछ ।

०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com

“स्वच्छ समृद्ध सुसंस्कृत इलाम”

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

**पत्र संख्याः- पूर्वाधार विकाश शाखा २०७६/०७७** **मितिः- २०७६/०८/०३**

१४. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, (संसोधन सहित) तथा सार्वजनिक खरिद ऐन २०६३, (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१५. वोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१६. विड वण्ड (वैक ग्यारेण्टी), परफरमेन्स ग्यारेण्टी, अग्रिम पेश्की लगायत का कागजातहरु बोलपत्र कागजातमा तोकिएका फर्मेटमा अनिवार्य हुनुपर्ने छ । तोकिएको फर्मेट अनुसार नभएमा मुल्याङ्कनमा समावेस गरीने छैन ।

१७. शिलबन्दि बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

१८. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको शहरी पूर्वाधार विकाश शाखा वा वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**सिलवन्दी बोलपत्र सम्वन्धि कार्यको विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट तथा कन्टिन्जेन्सि बाहेक) | वोलपत्र जमानत रकम रु. | वोलपत्र फारम खरीद दस्तुर रु. | वोलपत्र खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|---|
| १. | इनपा/इलाम/एन सिवि/निर्माण ०५/२०७६/०७७ | सेतीदेवी मार्ग स्तरोन्नती ( वडा नं. ६ को खण्ड) | ७५,७३,१५३.३३ | २,६५,०००.०० | ३,०००.०० | २०७६/०९/०४ कार्यालय समय सम्ममा |

................................

**प्रेम कुमार गौतम**

नि. प्रमुख प्रशासकिय अधिकृत

०२७-५२००६०/ ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०

URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com